गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## बैठक संख्या -१६

**मिति २०८३/०१/१७ गतेको गढवा गाउँपालिका गाउँ कार्यपालिकाको सोह्रौं बैठकका प्रस्तावहरु**

१. गाउँ कार्यपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. भूमि प्रशासन सम्बन्धमा ।

३. पन्ध्र (१५) शैया अस्पतालको म्याद थप सम्बन्धमा ।

४. जग्गा प्राप्ती सम्बन्धमा ।

५. प्रज्वल स्मृती भवन निर्माणको भेरियसन सम्बन्धमा ।

६. कानून निर्माण सम्बन्धमा ।

क) गढवा गाउँपालिका युवा परिषद ऐन, २०८२

ख) गढवा गाउँपालिका सहकारी विद्यालय स्थापना अनुमति सञ्चलान सम्बन्धी कार्यविधि, २०८२

७. साझेदारी कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

क) सामुदायिक वन

ख) राष्ट्रिय रोजगार कार्यक्रम

**मिति २०८३/०१/१७ गतेको गढवा गाउँपालिका गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

यस गढवा गाउँपालिकाको मिति २०८३/०१/०९ गते बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश भएका सम्पूर्ण निर्णयहरु र ती निर्णयहरुको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्वन्धमा छलफल सहित समिक्षा गरियो ।

**निर्णय नं. २**

मालपोत कार्यालय लमही दाङ कार्यालयको च.नं. ३१५० मिति २०८३/०१/१४ गतेको पत्रसाथ संलग्न भूमि व्यवस्थापन तथा अभिलेख विभागको परिपत्र तथा भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको सूचना सम्प्रेषण गरिदिने सम्बन्धको प्राप्त पत्र बमोजिम यस गढवा गाउँपालिकाले आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्थापन गरी उक्त सेवाहरु स्थानीय तहबाटै प्रवाह गर्न इच्छुक रहेको निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं. ३

प्राविधिक शाखाबाट पेश भएको प्राविधिक प्रतिवेदन अनुसार गढवा गाउँपालिका वडा नं. ६ मा निर्माणधीन १५ शैया आधारभूत अस्पताल आयोजना संघीय सशर्त अनुदान मार्फत कार्यान्वयन हुने गरी आ.व. ०७८/०७९ मा निर्माण व्यवसायी श्री Shyam Sundar/NB JV सँग सम्झौता भई कार्यान्वयन भइरहेकोमा हालसम्म उक्त आयोजनाको भौतिक प्रगति ८५ प्रतिशत देखिएको र उक्त आयोजनाको हालसम्ममा ३ पटक म्याद थप भएकोमा Budget cut off for this project, Shortage of construction of material (specially tiles and marble), Election, High unconditional rate of Construction due to East war, Running Bills have not been paid due to lack of Budget को कारण कार्यमा असहज भएको भनि प्राविधिक प्रतिवेदन प्राप्त हुन आए बमोजिम मिति २०८३ साल कार्तिक मसान्तसम्म पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरि अन्तिम पटक म्याद थप गरि आयोजना कार्यान्वयन गर्ने साथै उक्त आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने अपुग बजेट संघीय सरकार समक्ष माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

गढवा गाउँपालिका वडा नं. ७ लक्ष्मीनपुर बस्ने चुडामनी चौधरीको बुहारी भगतनारायण चौधरीको पत्नी श्री सुरेश कुमारी चौधरीको नाममा दर्ता श्रेष्ता भएको जिल्ला दाङ साविक मटेरिया ४क कि.न. ६१ ज.वि. ०-३-१५ मध्ये १० धुर जग्गा सार्वजनिक कार्यको प्रयोजनका लागि निःशूल्क गाउँपालिकालाई हक हस्तान्तरण गर्न मन्जुर भई मिति २०८३/०१/०७ को ७ नं. वडा कार्यालय, गढवा गाउँपालिका दाङमा दिएको मन्जुरीनामा वडा कार्यलयबाट सनाखत समेत गरी ७ नं. वडा कार्यालयको च.नं. १४५१ मिति २०८३/०१/०७ को पत्रबाट सिफारिस भई आएकोले तपसिल बमोजिमको दर्ता श्रेष्ता भएको जग्गाको सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्य नीति (पहिलो संशोधन २०८२ समेत) २०७९ को दफा ५ बमोजिम यस कार्यालयको नाममा निःशूल्क दानको रुपमा दाखिल खारेज गरि जग्गा लिन स्वीकृतका लागि ऐ ऐनको दफा ५(२) बमोजिमको समितिलाई अनुरोध गर्ने निर्णय गरियो र सो सम्बन्धी सवै कार्य गर्न ७ नं. वडा अध्यक्ष श्री राहुल देव चौधरीलाइ प्रतिनिधिको रुपमा खटाई पठाउने निर्णय गरियो ।

तपसिलः जग्गा धनि सुरेश कुमारी चौधरी, दाङ जिल्ला साविक मटेरिया ४क कि.नं. ६१ को क्षेत्रफल १२६९.८४ वर्ग मि.मध्ये कित्ताकाट गरी गाई फर्मको संरचना बनेको समेत १० धुर (१६९.३) व. मि.

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

<u>निर्णय नं. ५</u>

आ.व. २०८२/०८३ मा संघीय सरकारबाट विनियोजित प्रज्वल स्मृति अध्ययन केन्द्र निर्माण आयोजना मिति २०८२/११/१४ मा श्री शिव भक्त निर्माण सेवा प्रा.लि. सँग मिति २०८३/०३/१५ कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको । लागत अनुमान तयार गर्ने क्रममा प्राविधिकबाट त्रुटि भई इँटा, प्लास्टर, आर.सी.सी. र पेन्टको परिमाण छुट हुन गएको भनि शुरु लागत अनुमान भन्दा परिमार्जित लागत अनुमान १३.६१ प्रतिशत बढेकोले मिति २०८३/०१/१६ गतेको विशेष समूहको समितिको पेश भएको प्रतिवेदन बमोजिम भेरियसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>

तपशिल बमोजिमको कानूनको आवश्यकता भएकोले मस्यौदा तयार गरी आगामी कार्यपालिकाको वैठकमा पेश गर्ने निर्णय गिरयो ।

क) गढवा गाउँपालिका युवा परिषद ऐन, २०८२

ख) गढवा गाउँपालिका सहकारी विद्यालय स्थापना अनुमति सञ्चलान सम्बन्धी कार्यविधि, २०८२

<u>निर्णय नं. ७</u>

क) यस गढवा गाउँपालिकाको चालु आ.व. ०८२/०८३ मा विनियोजित संघ, प्रदेश र पालिकाका योजना तथा कार्यक्रमहरु म्याचिङ र अन्य संघ संस्थाको कार्यक्रम शिर्षकबाट प्रस्तावनाको आधारमा साझेदारी कार्यक्रमबाट रु.२२,००,०००। (अक्षेरुपी:बाइस लाख) छुट्याई ५० प्रतिशत पालिकाबाट र ५० प्रतिशत साझेदार निकायबाट साझेदारी गर्ने गरी गढवा गाउँपालिका भित्र रहेका सामुदायिक वनसँग वन तथा वातावरण, पर्यटन र रोजगार प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रम साझेदारीमा सञ्चालन गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो । यससँग सम्बन्धित कार्यक्रम कार्यान्वयनको जिम्मेवारी वन तथा वातावरण शाखालाई दिने निर्णय गरियो ।

कृष्ण प्रसाद पोख्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

ख) वडा कार्यालयबाट सिफारिश भई आएका तपसिलका योजनाहरु राष्ट्रिय रोजगार कार्यक्रमसँग साझेदार गरी सञ्चालन गर्ने र साझेदारीका लागि आवश्यक रकम गढवा गाउँपालिकको संघ, प्रदेश र पालिकाका योजना तथा कार्यक्रमहरु म्याचिङ र अन्य संघ संस्थाको कार्यक्रम शिर्षकबाट साझेदार गर्ने निर्णय गरियो ।

तपसिलः

| क.सं. | योजनाको नाम | रकम | | जम्मा रकम |
|---|---|---|---|---|
| | | राष्ट्रिय रोजगार कार्यक्रम तर्फबाट | गाउँपालिकाको साझेदारीबाट | |
| १ | कृषि उपज संकलन केन्द्र मर्मत वडा नं.१ | १,००,०००/- | १,००,०००/- | २,००,०००/- |
| २ | महदेवा आधारभूत स्वास्थ्य केन्द्र र महदेवा सामुदायिक भवनमा शौचालय निर्माण गढवा २ | १,००,०००/- | १,००,०००/- | २,००,०००/- |
| ३ | धैरेनीको पश्चिम टोलमा बाटो स्तरउन्नती तथा तटबन्धन गढवा ३ | १,००,०००/- | १,००,०००/- | २,००,०००/- |
| ४ | कट्यान गाउँ शिवमन्दिरनेर तटबन्धन गढवा ४ | १,००,०००/- | १,००,०००/- | २,००,०००/- |
| ५ | चैनपुर गाउँमा नयाँ बाटो ट्रयाक निर्माण गढवा ५ | १,००,०००/- | १,००,०००/- | २,००,०००/- |
| ६ | वडा अन्तर्गतको बाटो पानी निकासको लागि ह्युमपाईप जडान, अधुरो नाली निर्माण तथा खोला कटान तटबन्धन जाली मर्मत गढवा ६ | १,००,०००/- | १,००,०००/- | २,००,०००/- |
| ७ | गढवा ७ मा खाल्डा खुल्डि फिलिङ्ग ग्राभेल | १,००,०००/- | १,००,०००/- | २,००,०००/- |
| ८ | मुसीनाका गाउँ बाटो पि.सि.सि. गढवा ८ | १,००,०००/- | १,००,०००/- | २,००,०००/- |
| ९ | पालिकाका विभिन्न स्थानमा तटबन्धन तथा ड्याम निर्माण तथा मर्मत | ३,००,०००/- | ३,००,०००/- | ६,००,०००/- |
| जम्मा | | ११,००,०००। | ११,००,०००। | २२,००,०००। |

निर्णय प्रमाणित गर्दछु ।
कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष